**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

# सडक सुधार आयोजना (पि.सि.यु)

**बत्तिसपुतली, काठमाण्डौ**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग सडक सुधार आयोजना

सूचीकृत गराउने सम्वन्धि सूचना
सूचना नं. ०२/०७४-७५
प्रथम पटक सूचना प्रकाशित मिति २०७४।०४।....

यस आयोजनामा आ.व.०७४/०७५ को लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (स्टैण्डिङ्ग लिष्ट) तयार गरी सूचीकृत फर्महरुवाट सेवा तथा सामानहरुको आपूर्ति गर्नु पर्ने भएकोले इजाजत प्राप्त आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायकहरुले प्रत्येक कामको लागि छुट्टा-छुट्टै निवेदनमा रु १०/- (दश) को टिकट टाँसी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सोही नियमावलीको अनूसुची २क बमोजिमको ढांचामा निवेदन दिई यस आयोजनामा नियमानुसार सूचीकृत गराउनु हुन सम्वन्धित सवै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

(१) कार्यालय सामान, मसलन्द, छपाई, फोटोकपी सेवा लगायतका विविध मालसामानहरु सप्लाई सम्बन्धी कार्य।
(२) फोटोकपी, कम्प्युटर, ए.सी., ल्यापटप, प्रिण्टर, यु.पी.एस. लगायतका ईलेक्ट्रोनिक्स उपकरण र पार्टपुर्जा, तिनका मर्मत संभार। (३) पंखा,हिटर,सोलार,ब्याट्री लगायतका इलेक्ट्रिक सामान र पार्टपुर्जाहरु र तिनको मर्मत संभार।
(४) फर्निचर तथा फर्निसिङ्ग तथा सो को मर्मतसम्बन्धी कार्य। (५) सवारी साधन मर्मत र तिनका पार्टपूर्जाहरु।
(६) फिजिविलिटी सर्भे, डिटेल इन्जिनियरिङ्ग सर्भे एण्ड डिजाइन, डि.पि.आर.लगायतका परामर्शसेवा सम्वन्धि कार्य।
(७) इन्टरनेट सेवा,सफ्टवेयर सम्बन्धी कार्य र कम्प्युटर मर्मत सम्बन्धी कार्य।(८) बृत्तचित्र निर्माण। (९) सूचना प्रकाशन। (१०) अन्य विविध कार्य।

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु (नोटरी पव्लिकबाट प्रमाणीत)**

(१) ईजाजत दर्ता प्रमाणपत्रको नवीकरणसहितको प्रतिलिपि।
(२) स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी (मू.अ.करमा दर्ता हुन नपर्नेको हकमा सो को आधिकारीक कागजातको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी)।
(३) आ.व.२०७२।२०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
(४) सार्वजनिक खरिद कार्यको लागि अयोग्य नभएको स्वघोषणा/पेशागत कसूरमा सजाय नपाएको लिखित जानकारी (सम्बन्धीत फर्मको आधिकारिक व्यक्तिको हस्ताक्षर भएको हुनु पर्ने)।

**अन्य जानकारीहरु**

(१) म्याद नाघी प्राप्त हुन आएको, आवश्यक प्रमाणपत्र संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारबाही हुनेछैन।
(२) सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोजनामा निहित रहनेछ।
(३) सूचिकृत भएका फर्म, कम्पनीले सन्तोषजनक सेवा तथा सामान आपूर्ति नगरेमा सूचिवाट हटाउन सकिनेछ।

प्रोजेक्ट कोअर्डिनेटर